वधूशिक्षा

भानुभक्त आचार्य

वधूशिक्षा

(काव्य)

भानुभक्त आचार्य

साहित्यरस

साहित्यरस
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. १९४८

ईपुस्तकको स्रोत
प्रकाशक : साझा प्रकाशन
संस्करण : चौथो २०६८
ISBN : 978-9937-32-044-3

About this ebook edition
Originally created as epub
Created : 2025-08-30, 21:18:29 UTC
Latest minor Correction : 2025-09-15, 04:26:53 UTC
Sahityaras ebook id : 20250830211829

Cover art
The Young Housewife
François Bonvin, 1875

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

विषयसूची

वधूशिक्षा

वधूशिक्षा

प्रस्तावना

एक थोक भन्छु नमान्नु दुःख मनमा हे मित्र तारापति।
तिम्रा ई जति छन् जहानहरू ता जुभ्रून्या रह्याछन् अति ॥
सून्याँ दन्तबझान आज घरको कर्कर् गऱ्याको जसै।
भर्रात् जाग्रान भैं भयो मकन ता लागेन आँखा कसै ॥१॥

धन् इज्जत् घरबार देख्छु बढिया छैनन् कुनै चीज् कमी।
बूहारी यदि कर्कशा हुन गया क्या घर् गरौला तिमी ॥
साह्रै झोंक उठ्यो मलाइ र वधूशिक्षा बनायाँ पनी।
यस्ले पत्नि, बुहारि, छोरीहरूको तालिम् गरौला भनी ॥२॥

हुन त म अतिथी हूँ यस् बिनूँ क्या छ खाँचो।
तर पनि म त भन्छू मित्र हौ जानि साँचो ॥
घर चतुरजि गर्छन् बुद्धिमान्ले अगाडि।
बखत चुकि दिँदामा हुन्छ काहाँ पछाडि ॥३॥

उपदेश

प्रातःकाल महाँ उठेर पहिले ध्यान् ईश्वरैको गरून्।
सो ईश्वर पति हुन् भनेर पछि त्यो भक्ती पतीमा धरून् ॥

भक्तीले पति ईश्वरै भनि बुझून् पाऊ-तलैमा परून्।
पूजा हो पतिको भनेर घरका काम्‌मा अगाडि सरून्॥१॥

झट्पट् स्नान गरेर शुद्ध जलले सब् देह निर्मल् गरी।
जस्तो पुग्दछ सोहि माफिक असल् धोती कटीमा धरी॥
सासूका चरणाविन्द युगमा पूजेर पाऊ परून्।
मैले काम् गरुँ क्या अह्राउनु हवस् यो ताहिं बिन्ती गरून्॥२॥

मान्ने छन् घरका सबै जति जना तिन्लाई ढोग् भेट् गरी।
चाकर्लाइ अह्राउनू खुशि हुँदै मीठा वचन्ले गरी॥
माटो पानी खराउ ओटन रुमाल् धोती दतीउन् धरी।
स्नान् गर्न्या अखडा जहाँ छ तहीं गै राखून् तयारी गरी॥३॥

पूजाको सरजाम् गरून् पति पूजा गर्छन् प्रभूको भनी।
पूजामा खतडा कदापि नपरोस् कौनै कुराले पनी॥
कस्तै अल्मलमा रहोस् घरमहाँ आया जगाया अलक्।
जोगी जङ्गमले भन्या मुठी दिनू ढीलो नगर्नू पलक्॥४॥

घर् सब् झारि बढारि नित्य त्यसले लिप्तै र पोत्तै रहोस्।
चाक्र् सब् थलिया गया कहीं भन्या आफैं तयारी रहोस्॥
स्वामीका चरणविन्द युगको जल् भक्तिले पान् गरून्।
निर्मल् देह गराउनाकन उ जल् केही शरीर्‌मा छरून्॥५॥

जो इच्छा पतिको छ सो बुझि उसै माफिक् सबै काम् गरून्।
जुन स्थान हो चिजको उहीं लगि उ चिज् राख्न्या स्वभाव् पो धरून्॥
स्त्रीको खालि निघार् कदापी नरहोस् खाली निधार् भै जति।

गर्छन् कर्म फलै हुँदैन तिनका टीको लगाया जती ॥६॥

तस्मात् नित्य टिका लगाई पहिले धन्धा पछाडी गरून् ।
पूजाको सरजाम् तयार् गरि सकी भान्छा विषे मन् धरून् ॥
भान्छाको सरजाम चाकर गरून् भाँडा सफाई गरी ।
खान्या चीज भँडारमा पसि झिकुन् आफै अगाडी सरी ॥७॥

रोगी बालक वृद्ध कोहि घरमा हुन्छन् त तिन्को पनी ।
घत् जानीकन तम्तयार चिज गरून् खान्या छ यस्तो भनी ॥
यस्ता रीत् सित चीज् बनाइ बढिया सासू-ससूरा-पति ।
लाई ख्वाइ सकेर फेरि घरका ख्वाउन् जहान् छन् जति ॥८॥

ख्वाई प्याइ सकेर सर्व परिवार्ले खाइ सक्छन् जसै ।
चूह्ला चौकी लिपाइ जल्दि ति जुठा भाँडा मझाउन् तसै ॥
जो चीज वस्तु भँडार देखि अघि जो झीकेर ल्याई थिइन् ।
सो संझेर तुरुन्त सोहि थलमा ती वस्तु राखी दिउन् ॥९॥

अल्सी दूर गरेर नारिहरुले थान्को र मान्को गरी ।
काम्धाम्मा परिवार लायर विचार् गर्दै रहुन् दिन् भरी ॥
धागा बत्ति समेत काति टपरी दूना बोहोता पनी ।
सिन्का साफ चिरेर राखनु अनी चाहिन्छ काम्मा भनी ॥१०॥

पूजा व्रतादिहरुका जति तीथि पर्छन् ।
संझेर गर्नु नभुलीकन पाप हर्छन् ॥
ठूलो व्रतै त पनि सेवन गर्नलाई ।
क्यै छैन फेरि अरु निश्चय नारिलाई ॥११॥

रोगी बालक वृद्ध सासु ससुरा जेठाज्यु देवर् पति ।
फूपू सासु अमाज्यु नन्द जति छन् खान्छन् इ खाजा जति ॥
सब्को हित् घत जानि नित्य दिनमा खाजा बनाई दिउन् ।
यस् रीत्ले अति खुश् बनाइ परिवार सब्लाई हात्मा लिउन् ॥१२॥

सौताको रिस गर्नु पाप छ बहुत् एकै दुबैका पति ।
मर्दामा पनि जानुपर्छ जसले मीलेर सङ्गै सती ॥
यस्तो जानि नमानि केहि मनमा मीलून् बहूतै गरी ।
टाल्टुल गर्नु फुट्यो टुट्यो घर भन्या सिप्लाई जाहेर् गरी ॥१३॥

अर्काका घरमा नजानु कहिल्यै आफ्ना घरैमा बसी ।
जे हूनू सब चीज् जती छ घरमा कूना र कानी पसी ॥
पर्छन् श्राद्ध दशै तिहार अरु चाड् चाहिन्छ तिन्मा जती ।
ती चिज् सम्झि अगाडी संग्रह गरोस् यस्मा नचूकोस् रती ॥१४॥

मान्न्या जन् कन मान्नु जान्नु घरको ठग्को ठगाञी पनी ।
सब् सासूसित भन्न जानु उ गरून् यस्को सजाञी भनी ॥
यस्ता रीत् सित् सब् गरेर वशमा राखोस् सबैमा दया ।
तिन्को याद तुरुन्त गर्नु जन जो भोका र नाङ्गा भया ॥१५॥

पाहूना जति आउँछन् घरमहाँ दर्जा छ तिन्को जति ।
सो जानेर उसै बमोजिम गरोस् मर्ज्याद् न चूकोस् रति ॥
पाउन् पापि कठोर चोरहरुले सोही बमोजिम् जवाफ् ।
राखोस् इष्ट कुटुम्ब मित्रहरुमा अमृत् सरीको रवाफ् ॥१६॥

साँचो बोल्नु नबोल्नु बात कहिल्यै झूटो भन्याको रति।
आखिर् मर्नु छ पाउनू छ उति फल् यहाँ गऱ्याको जति ॥
यस्तो ज्ञान् मनमा लिईकन रहुन् सासू ससूरा पति।
जे भन्छन् उहि गर्नु छैन अरु ता संसार तर्न्या गति ॥१७॥

भन्छन् शास्त्र पति र सासु ससुरा जेठाज्यु मान्नू भनी।
भन्छन् ता पनि जो पती छ उसरी हूँदैन कोही पनी ॥
दृष्टान्तै पनि मिल्छ सासु ससुरा जेठाज्यु बित्ता सती।
को जान्छन् पति पो बित्या पनि भन्या जानू छ संगै सती ॥१८॥

हाँस्नू छैन कदापि नारिहरुले वेश्या हुन्या हाँस्तछन्।
वेश्या लौ नहउन् तथापि घरको काम् ती सबै नास्तछन् ॥
एक्लै हाँस्न हुँदैन कोहि नभई अर्को सँगी भो जसै।
हाँस्तैमा दिन जान्छ एहि रितले सब् काम बित्छन् तसै ॥१९॥

मानिस्को त बताउँ क्या अब विचार पक्षी पशूको पनी।
पाल्याको छ भन्या तुरुन्त बुझ्नू क्या आज खायो भनी ॥
जस्सै भो कसिंगर् बढार्नु घर भर् काहीं नराखोस् रती।
स्त्रीले जान्नु विचार राखि मनमा एस्तो बताऊँ कती ॥२०॥

खान्या चीज् जति छन् सबै नजरले हेरेर ढाक्छोप् गरून्।
जो चीज हुन्छ सुकाउँन्या तिनकनै ल्याएर घाम्मा धरून् ॥
खान्या चीज कुहेर फाल्न नपरोस् दीनू कि खानू बरू।
एती जान्नु अवश्य धेर् अब बखान् कुन् कुन् कुराको गरूँ ॥२१॥

खान्या चीज नहेरि केहि नकुहुन् सब् पैह्रन्या चीज् पनी।

सप्पै याद रहोस् सदा मन महाँ यो चीज् छ यहाँ भनी ॥
चीज् ता छन् घरमा तथापि मनमा छैनन् त भै क्या भयो।
आखिर् चीज् घरमा भई बखतको काम सब् बिती गै गयो॥२२॥

जो चीज् छन् घरमा हिरा तल पिह्ला सब् चीज् मनैमा रहुन्।
जो खोज्छन् पतिले उ चीज् उहि बखत् ल्याएर चाँडो दिउन् ॥
खोज्दामा छन ता थियो तर कता राख्याँ हरायो भनी।
भन्नू यो पति थ्यैं पऱ्यो पनि भन्या मानोस् मरे भैं अनी॥२३॥

पूजाको सरजाम जत्ति जति थोक् चाहिन्छ सो सब् गरी।
साँझ्मा बत्ति जलाउनू अति ठुला पानस् विषे तेल् धरी ॥
खान्या चीज बनाइ खान दिनु जो खान्छन् परीवारले।
जुन् चीज् राख्नु भँडार पर्छ नभुली सब् राख्नु संभारले॥२४॥

दिनदिन घरमा जो पाहुना बस्न आया।
तिनकन नखुवाई आफुले क्यै न खाया ॥
गृहिणी भइ रह्याको यो ठुलो धर्म जान्नु।
बिहक सकि दियाको अन्न भन्या त ठान्नू॥२५॥

काम्का खातिर जत्ति चीज घरका दिन्मा झिक्याका थिया।
रात्रीमा त उ काम् हुँदैन सब चीज् थन्क्याइ राखी दिया ॥
सम्झी कत्ति न मानि अल्सि सब चीज् थन्क्याइ ताल्चा पनी।
लाउन् चोर चकार डाँकुहरुले देख्नै न पाउन् भनी॥२६॥

छिनि सकि सब धन्दा सासुको पाउ मिच्दी।
उँघिकन बिखबर् भै पाउ मिच्दै त ढल्दी ॥

टहल गरि टहल्ने सासुलाई रिझाई।
पतिसित तब जाओस् स्त्री टहल् गर्नलाई॥२७॥

प्राण्का नाथ् पतिका अगाडी गइ जो फर्माउँछन् सो गरोस्।
भन्छन् ल्यान तमाखु खान्छु भनि ता चाँडै तमाखू भरोस् ॥
किस्मिस् दाख बदाम मिस्रि नरिवल् जो चिज छ सो सो दिई।
पाऊ मिच्न तयार भै अघि सरोस् तेल्को कटौरा लिई॥२८॥

आज्ञा माफिक अ पाउहरुमा मर्दन बहूतै गरी।
पाऊमा शिर राखि सब् तहिं भनोस् जो काम गरी दिन् भरी ॥
यस्तो भो यसरी गर्‍याँ यति गर्‍याँ गर्न्या छु यो यो पनी।
भन्न्या काम कुरो भनोस् पति पनी ई बात सूनुन् भनी॥२९॥

जति गरि दिनमा काम् सो सबै बिन्ति गर्दी।
मधुर वचन बोल्दी स्वामिको चित्त हर्दी ॥
पतिकन यस रित्ले बातले खुश् बनाओस्।
जब त पति निधाउन् काखमा त्यो निधाओस्॥३०॥

यति सब वधुशिक्षाका सिलोक् जो बनाञाँ।
पढीलिनु सबले यो नारिको हित् जनाञाँ ॥
यहि रितसित जो स्त्री नित्य सब् काम गर्छन्।
उभयकुल सँगै ली ती सहज् पार तर्छन्।३१॥

स्त्रीको धर्म पती मती पनि पती मर्न्या बखत्को गति।
बाचुञ्जेल् सुख भोग् पनी बुझि लिंदा को दिन्छ तेसले जति ॥
स्त्रीको धर्म पति जती त अरु थोक् देख्तैन मन्ले रति।

यस् लोक्‌मा परलोकमा सुख दिन्या सो हेर जान्छ सती ॥३२॥

स्त्रीको धर्म पतिव्रता अति ठुलो जो गर्दछन् भक्तिले ।
आफ्ना कुल् सब् तारि पितृहरुको कुल् तार्दछन् शक्तिले ॥
स्त्रीको जन्म भयो भन्या त पतिको सेवा छ साह्रै ठुली ।
जो सेवा त गरी अनेक् अरु गरोस् साँचो कुरामा भूली ॥३३॥